नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

# कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वरको

## सूचना

नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्‌को सिफारिसमा राष्ट्रपतिबाट जारी भै मिति २०८१ साल पुष २९ गतेको नेपाल राजपत्र (भाग २, खण्ड ७४, अतिरिक्ताङ्क ४८) मा प्रकाशित आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेशको दफा ७ को उपदफा (६) मार्फत कम्पनी ऐन, २०६३ मा भएको संशोधन अनुरूप देहायका छुट/सुविधा सम्बन्धी व्यवस्था भएको व्यहोरा सरोकारवालाहरुको जानकारीको लागि यसै सूचना मार्फत अनुरोध छ ।

१. दफा ८१ अन्तर्गत उपदफा (७) थप गरी देहायको व्यवस्था भएको:

*"यो उपदफा प्रारम्भ हुँदाका वखत कुनै कम्पनीले कार्यालयमा बुझाउन बाँकी विवरण, सूचना वा जानकारी संबत् २०८२ साल असार मसान्तभित्र बुझाएमा यस ऐन बमोजिम विवरण, सूचना वा जानकारी ढिला बुझाए बापत लाग्ने जरिबानामा नब्बे प्रतिशत छुट दिइनेछ।"*

२. साविक दफा १३६क. को सट्टा संशोधित दफा १३६क. मा कम्पनी खारेजी सम्बन्धी विशेष व्यवस्था गरी जरिवाना सम्बन्धमा उपदफा (३) मा देहायको व्यवस्था गरिएको:

*"उपदफा (१) वा (२) बमोजिमको निवेदनसाथ दफा ८० बमोजिमको विवरण सहित दफा ८१ बमोजिम लाग्ने जरिबाना रकम वा कम्पनीको चुक्ता पुँजीको शुन्य दशमलव पाँच प्रतिशतले हुन आउने रकममध्ये जुन कम हुन्छ सो रकम समेत संलग्न गरी बुझाउनु पर्नेछ ।*

प्रकाशित राजपत्र वमोजिमको सुविधा प्रदान गर्नका लागि कम्पनी प्रशासन व्यवस्थापन सूचना प्रणालीमा प्राविधिक तैयारीहरु गरी अविलम्ब कार्यान्वयन गरिने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइएको छ । यहाँहरु सवैको सहयोगको लागि हार्दिक धन्यवाद!

*पुनश्च : कम्पनी ऐन, २०६३ मा भएको संशोधनको पूर्ण व्यहोरा नेपाल राजपत्रवाट अवगत गर्नुहुन अनुरोध छ। (लिङ्क: http://rajpatra.dop.gov.np/welcome/book/?ref=25828)*

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं